मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस ४ गते शुक्रबार ❑ 19 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## राजनीतिक स्थिरताले मात्र उद्योग व्यवसाय फस्टाउछ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राजनीतिक स्थिरताका लागि आउँदो फागुन २१ गतेको निर्वाचनलाई सबै मिलेर सफल बनाउनुपर्नेमा जोड दिनुभएको छ।

लेखनाथ उद्योग वाणिज्य सङ्घद्वारा आयोजित २१औँ संस्करणको लेखनाथ महोत्सवको आज पोखरा-२७ को तालचोकमा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले राजनीतिक स्थिरताबिना देशमा कुनै पनि गतिविधि अगाडि बढ्न नसक्ने कुरा बताउनुभएको हो। यदि फागुन २१ गते निर्वाचन सम्पन्न गर्न सकिएन भने देशमा ठूलो राजनीतिक सङ्कट निम्तने भनाइ उहाँको थियो। राजनीतिक स्थिरताले मात्र देशमा उद्योग व्यवसाय फस्टाउनुको साथै रोजगारी सृजना र राजस्वसमेत वृद्धि भई देशको अर्थतन्त्र बलियो हुने भनाइ उहाँले थियो। प्रदेश सरकारले उद्योग व्यवसायमा लगानीमैत्री वातावरण सृजना गर्ने र उद्योग व्यवसाय सञ्चालन र विकासमा प्रदेशका कुनै ऐन कानुन बाधक भए ती ऐन कानुन संशोधन गर्न प्रदेश सरकार तयार रहेको उहाँले बताउनुभयो। गण्डकी प्रदेशमा उद्योग व्यवसाय स्थापना गर्न पोखराको लेखनाथस्थित पुडिटार



र नवलपुरमा जग्गा प्राप्तिका लागि गण्डकी प्रदेश सरकारले आफ्नो योजना अगाडि वढाएको बताउँदै उहाँले गण्डकी प्रदेशमा उद्योग, पर्यटन र कृषिको प्रचुर सम्भावना रहेको उहाँले बताउनुभयो।

युवालाई विदेश पलायनबाट रोक्न नयाँ कामको सृजना गर्नुपर्नेमा जोड दिँदै उहाँले निजी क्षेत्रसँग सहकार्य गरेर प्रदेश सरकार अगाडि बढ्ने भनाइ उहाँको छ। स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर गण्डकी प्रदेश सरकार घरेलु मदिरालाई ब्राण्डिङ गरी सकिएको र गाँजालाई पनि घरेलु औषधिका रुपमा प्रयोगमा ल्याउने तयारीका साथ सरकार अगाडि बढेको भनाइ उहाँको छ। गण्डकी प्रदेशको मुस्ताङ र तिब्बत जोड्ने कोरला नाकाले तिब्बत र यस क्षेत्रको व्यापार व्यवसायमा ठूलो महत्व राख्ने हुँदा गण्डकी प्रदेशको अर्थतन्त्र बलियो बनाउन थप मद्दत पुग्ने भनाइ उहाँको छ। गण्डकी प्रदेश सरकारका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले देशमा भएका विभिन्न घटना क्रमले उद्योगी व्यवसायको मनोबल खस्केको हुँदा उनीहरुको मनोबल उचो बनाउन सर जोड दिनुभयो। त्यसैगरी गण्डकी प्रदेशमा वन तथा वातवरणमन्त्री भेषबहादुर पौडेलले निजी क्षेत्रबिना देशको अर्थतन्त्र बलियो हुन नसक्ने भएकाले निजी क्षेत्रसँग सहकार्य गर्दै सरकार अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले निजी क्षेत्रलाई अगाडि बढाउन सकेको खण्डमा देशको अर्थतन्त्र बलियो हुने कुरामा जोड दिनुभयो। उक्त कार्यक्रम लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष जानुका पराजुलीको अध्यक्षतामा सम्पन्न भएको थियो। स्थानीय उत्पादन, कृषि, हस्तकला, औद्योगिक उत्पादनको बजारीकरणका कला, संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले आयोजित उक्त महोत्सव यही पुस ३ गतेदेखि १४ गतेसम्म सञ्चालन हुनेछ। महोत्सव 'लेखनाथको संस्कृति, स्थानीय उत्पादन, विकास र समृद्धि' भन्ने नारासहित सञ्चालन गरिएको छ। रु नौ करोड बराबरको आर्थिक कारोबार हुने अनुमान गरिएको महोत्सवका प्रचारप्रसार व्यवस्थापन संयोजक ध्रुवबाबु भट्टराईले बताउनुभयो। महोत्सवबाट रु ९५ लाख खर्च आम्दानी र रु ८५ लाख खर्च भई रु १० लाख बचत हुने अनुमान छ। महोत्सवबाट हुने बचत रकमबाट नवउद्यमी उत्पादनमा पहल, उद्यमशीलता विकास, औद्योगिक क्षेत्र निर्माणका लागि पहल, पर्यटन प्रवर्द्धनसहित सामाजिक उत्तरदायित्वका क्षेत्रमा खर्च गरिने आयोजकले जनाएको छ। दुई लाख ५० हजार दर्शकले महोत्सव अवलोकन गर्ने अनुमान गरिएको छ। महोत्सवका आकर्षणका रुपमा औद्योगिक व्यापार मेला, स्थानीय कला संस्कृतिको प्रदर्शन, हस्तकलाका सामग्री, सूचना प्रविधि तथा सञ्चारका उपकरण, अटोमोबाइल, वित्तीय संस्थाको सेवा तथा जानकारी दिने स्टलहरु राखिएका छन्। स्थानीय रुपमा उत्पादित माछा, मह, सुन्तला, कफी, ताजा तरकारी, दुग्धजन्य उत्पादन, कन्सर्ट, दोहोरी गीत प्रतियोगिता, खाना महोसव तथा बाल उद्यान सञ्चालन गरिने प्रचारप्रसार व्यवस्थापन संयोजक भट्टराईले जानकारी दिनुभयो।

## दूरसञ्चार बिना विकास सम्भव छैन : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस



गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले सूचना, प्रविधि र सञ्चारबिनाको विकास अब सम्भव नभएको बताएका छन्।

नेपाल टेलिकम वर्कर्स युनियनको १२ औं महाधिवेशनको उद्धाटन समारोहमा बोल्दै उनले दूरसञ्चार क्षेत्र आज राष्ट्रिय विकासको रणनीतिक आधारका रूपमा स्थापित भएको उल्लेख गरे। मन्त्री थापाले देशभरबाट पोखरा आएका प्रतिनिधिहरूलाई गण्डकी प्रदेशको राजधानी तथा पर्यटकीय नगर पोखरामा स्वागत गर्दै नेपाल टेलिकमजस्तो सार्वजनिक संस्थाले केवल सेवा प्रदायकको भूमिका मात्र नभई राज्यको डिजिटल सार्वभौमिकताको संरक्षण गर्ने महत्वपूर्ण जिम्मेवारी पनि वहन गरिरहेको बताए। नेपाल टेलिकमका कर्मचारीहरूको सामाजिक, आर्थिक तथा बौद्धिक विकास, मनोबल अभिवृद्धि, कर्मचारी कल्याण र कम्पनीको दिगो विकासका लागि २०४८ सालमा स्थापना भएको नेपाल टेलिकम वर्कर्स युनियन पहिलो प्रजातान्त्रिक ट्रेड युनियन भएको धारणा उनको छ। उनले युनियनले स्थापना कालदेखि नै श्रमिक हक-हितको संरक्षणसँगै संस्थाको सार्वजनिक चरित्र, स्थायित्व र सेवाको गुणस्तर अभिवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको बताए। कुनै पनि सार्वजनिक संस्थाको दीर्घकालीन सफलता त्यहाँ कार्यरत श्रमिक तथा कर्मचारीहरूको समर्पण, सुरक्षा र सम्मानसँग प्रत्यक्ष रूपमा जोडिएको उनले स्पष्ट पारे।

मन्त्री थापाले श्रमिकमैत्री नीति, संस्थागत सुधार, सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई सँगसँगै अघि बढाउनु अपरिहार्य रहेको उल्लेख गर्दै गण्डकी प्रदेश सरकार सामाजिक न्यायमा आधारित विकास, श्रमिकमैत्री शासन प्रणाली तथा सामाजिक सुरक्षा विस्तारप्रति प्रतिबद्ध रहेको बताए। उनका अनुसार प्रदेश सरकारले सूचना प्रविधि, डिजिटल पहुँच र मानव संशाधन विकासलाई प्राथमिकतामा राख्दै दूरसञ्चार क्षेत्रसँग सहकार्य गरी 'डिजिटल गण्डकी' यात्रालाई अघि बढाउने स्पष्ट नीति लिएको छ।

महाधिवेशन नेतृत्व चयनको औपचारिक प्रक्रिया मात्र नभई भावी नीतिगत दिशा, संगठनात्मक कार्ययोजना र संस्थागत सुदृढीकरणका लागि ऐतिहासिक अवसर भएको उल्लेख गर्दै उनले यहाँबाट लिइने निर्णयहरूले नेपाल टेलिकमलाई अझ सक्षम, उत्तरदायी र जनमुखी संस्थाका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे।

## रास्वपा सभापति रवि लामिछानेलाई रिहा गर्न अदालतको आदेश

**रासस**
काठमाडौं, ३ पुस

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासले बैंक जमानत स्वीकार गरी रिहा गर्न आदेश दिएको छ।

बुटवलस्थित सुप्रिम सहकारीको रकम ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहनुभएका पूर्वउपप्रधान तथा गृहमन्त्री

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एमाले अध्यक्षमा ओली विजयी, महाधिवेशनबाट २४ बुँदे प्रस्ताव पारित

**रासस**
काठमाडौं, ३ पुस

नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्षमा केपी शर्मा ओली विजयी हुनुभएको छ। उहाँले आफ्ना प्रतिद्वन्द्वी ईश्वर पोखरेललाई भारी मतले पराजित गर्नुभएको छ।

केन्द्रीय निर्वाचन आयोगका अनुसार नेता ओलीले एक हजार ६६३ मत प्राप्त गर्नुभएको छ। प्रत्यासी पोखरेलले पाँच सय ६४ मत प्राप्त गर्नुभयो। त्यसैगरी, महासचिवमा शङ्कर पोखरेल एक हजार २२८ मतका साथ विजयी हुनुभएको छभने उहाँको प्रतिस्पर्धी सुरेन्द्रप्रसाद पाण्डेले ९९९ मत प्राप्त गर्नुभएको छ।


केन्द्रीय निर्वाचन आयोगका अनुसार उपाध्यक्षमा पृथ्वी सुब्बा गुरुङले १७३७ मत, विष्णुप्रसाद पौडेलले १६७५ मत, रामबहादुर थापाले १५१६ मत, गोकर्णराज विष्टले १३६८ मत र रघुजी पन्त १२५८ मतका साथ विजयी हुनुभएको छ। त्यसैगरी, उपमहासचिवमा लेखराज भट्टले १४५२मत, रघुवीर महासेठले १३६८ मत र योगेश भट्टराई १३४८ मतका साथ विजयी हुनुभएको छ। त्यसैगरी, सचिव महेश बस्नेतले १५४४मत, छविलाल विश्वकर्माले १५०६मत, पद्माकुमारी अर्यालले १५३०मत , शेरधन राईले १५०३मत , हिक्मतकुमार कार्कीले १३३७मत , खगराज अधिकारीले १३३१ मत, यमलाल कँडेलले ११८५ मत, राजन भट्टराईले ११८१ मत र भानुभक्त ढकाल ११०८ मतका साथ विजयी हुनुभएको छ।



यसैगरी ११औँ राष्ट्रिय महाधिवेशनले समसामयिक विषयमा २४ बुँदे राजनीतिक प्रस्ताव पारित गरेको छ। महाधिवेशनको समापनसत्रमा प्रस्ताव लेखन समितिका संयोजक प्रदीपकुमार ज्ञवालीले प्रस्तुत गर्नुभएको सो प्रस्ताव पारित भएको हो। पारित प्रस्तावमा मुलुकलाई संविधानको लिकमा फर्काउन संसद् पुनःस्थापनालगायत विषय समेटिएका छन्। भक्तपुरको सल्लाघारीमा गत मङ्सिर २७ गते उद्घाटन भई काठमाडौँको भृकुटीमण्डपमा मङ्सिर २८ गतेदेखि सुरु भएको बन्दसत्रको आज औपचारिक समापन भएको हो। समापनसत्रमा नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशनले पुराना पार्टी सकिए भन्ने गलत भाष्यलाई चिरेको उल्लेख गर्दै अब आफूहरु विकास, सुशासन, समृद्धि र संसद् पुनःस्थापनाको बाटोमा अघि बढ्ने उद्घोष गर्नुभयो। एमालेको ११औँ राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय स्वाधीनता, लोकतन्त्र र सामाजिक आर्थिक रुपान्तरणका लागि सञ्चालित विभिन्न आन्दोलन, क्रान्ति र देशभक्तिपूर्ण युद्धमा सहभागी हुने क्रममा जीवन अर्पण गर्ने सहिदप्रति श्रद्धाञ्जली अर्पण गरिएको छ। महाधिवेशनले पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठ, जननेता मदनकुमार भण्डारी, प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारीलगायत आन्दोलनका अग्रजहरुप्रति श्रद्धासुमन अर्पण गरेको छ। यसैगरी, एमालेको १०औँ महाधिवेशनबाट निर्वाचित पार्टी उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ, पार्टीका पूर्वस्थायी कमिटी सदस्य प्रदीप नेपाल, पोलिटब्युरो सदस्य बालकृष्ण ढुङ्गेल, केन्द्रीय कमिटी सदस्य कमल गौतम, लेखा आयोगका सदस्य खम्ब खत्री, केन्द्रीय सल्लाहकार परिषद् सदस्यहरु इन्दिरा चापागाईं, भोजराज ढुङ्गेल, रामबहादुर दानी, रामचन्द्र चापागाईं, धर्मनाथ यादव, महेश चौधरी, डा ऋतुराज गड्तौला, देवी पोखरेल, बालकृष्ण भट्टराई, बालकृष्ण मैनाली, मोहन विश्वकर्मा, त्रिरत्न शाक्य, वैकुण्ठनाथ दाहाल र गणेश पौडेल, राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यहरु ऐना गिरी, चित्रबहादुर कार्की, रामचन्द्र थपलिया, कालीचन्द्र साह, पूर्वसांसदहरु विदुर सापकोटा र यज्ञराज न्यौपाने, पार्टीका अग्रज व्यक्तित्व छत्रबहादुर बोहरा, महिला कार्यकर्ता विमला महत, लुम्बिनी प्रदेशसभा सदस्य तथा नेत्री सरिता पुनलगायतप्रति पनि श्रद्धाञ्जली अर्पण गरिएको छ।

गत भदौ २३ र २४ गते मुलुकमा घटित घटनाक्रम र त्यसपछि उत्पन्न असामान्य परिस्थितिका सम्बन्धमा एमाले संवेदनशील, चिन्तित र गम्भीर रहेको र उक्त घटना पश्चात् राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र, विकास र समृद्धिको बाटो नै सङ्कटको दिशातिर उन्मुख भइरहेको पृष्ठभूमिमा ११औँ राष्ट्रिय महाधिवेशनले मुलुकलाई लोकतान्त्रिक पद्धति, राजनीतिक स्थायित्व, सामाजिक सद्भाव र राष्ट्रिय एकताको बाटोमा फर्काउने सङ्कल्प गरेको छ। सामाजिक सञ्जालको निर्वाध सञ्चालन, भ्रष्टाचारको विरोध र सुशासनलगायत विभिन्न माग राखेर नवयुवाले गरेको भदौ २३ गतेको प्रदर्शनका क्रममा भएको जनधनको क्षतिप्रति एमालेको ११औँ महाधिवेशनले दुःख व्यक्त गरेको छ। नवयुवाको शान्तिपूर्ण प्रदर्शनमा घुसपैठ भएको एमालेको ठहर छ। महाधिवेशनले उक्त घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन, सबै तथ्यको सार्वजनिकीकरण र संलग्न दोषीलाई कारबाहीको माग गरेको छ। यस्तै, भदौ २४ गते सुनियोजित र शृङ्खलाबद्ध रुपमा गरिएको देश दोहनको एमालेले भर्त्सना र निन्दा गरेको छ। यसमा संलग्नलाई पार्टीले कानुनी कारबाहीको माग गरेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

# १८ औं हिसान कास्की स्पोर्ट्स मिट : भलिबल र बास्केटबलका प्रतिस्पर्धा सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

१८औं हिसान कास्की स्पोर्ट्स मिट २०८२ बिहिबारबाट अनौपचारिक रुपमा पोखरा रंगशालामा सुरू भएको छ।

हिसान स्पोर्ट्स मिट अन्तर्गत पहिलो दिन छात्र भलिबल र बास्केटबलका खेलहरु सुरू भएको हिसान कास्कीका अध्यक्ष दिवाकार जैशीले जानकारी बताएका छन् । पहिलो दिन भलिबल छात्रतर्फ ८ खेलहरु सम्पन्न भएको संयोजक नविन बरालले जानकारी दिए। बिहिबार भएको खेलमा पश्चिमाञ्चलले करुणानिधि माविलाई २५-१७, २५-२० ले, माउन्ट अन्नपूर्णले हिल पोइन्टलाई २५-११, २५-१६ ले, न्यू ग्यालेक्सीले गण्डकी आदर्शलाई २५-१३, २५-०४ ले, पोखरा आदर्शले पोखरा युनाइटेडलाई २५-१८, २५-१३ ले, वेष्ट पोइन्टले त्रिवेणीलाई २५-२३, २५-१७ ले, युनीभर्सले बालोदयलाई २५-१४, २५-२० ले, साइनिङ स्टारले नेशनल इन्भेन्टिभलाई १३-२५, २६-२४ र २५-२० ले तथा टप्सले वेलननलाई २५-१४, २५-१४ ले पराजित गरेका छन् ।




त्यस्तै आज नै बास्केटबल छात्रतर्फ १६ खेल सम्पन्न भएको बास्केटबल प्रतियोगिताका संयोजक खिम गृरूङले जानकारी दिएका छन् । पहिलो दिन पोखरा रंगशाला बास्केटबल कोर्टमा भएको प्रतिस्पर्धामा लिटल फ्लवारले स्टेप वाइ स्टेपलाई ३१-२० ले, जुनियर सिटिजन एकेडेमीले माउन्ट अन्नपूर्णलाई ३६-३१ ले, सोसल पब्लिकले बेथानीलाई २२-१४ ले, केफले साइनिङ स्टारलाई ३८-२३ ले, न्यूलाइटले वेष्ट पोइन्टलाई २१-०९ ले, त्रिवेणीले फेवा शिक्षा सदनलाई २३-१० ले, एलएले रेन्वोलाई २७-२१ ले, मदरल्याण्डले लिटिलस्टेपलाई ३२-२७ को स्कोरमा पराजित गरेका छन् । त्यस्तै रामघाटस्थित पुन समाजको कोटमा सम्पन्न खेलमा मनकामना, नव आदर्श, हिल पोइन्ट, टप्स, पोखरा युनाइटेड, शान्ती निकुञ्ज, सिर्जना र मेरीगोल्ड बिजयी भएका छन् ।

१८ औं संस्करणको हिसान स्पोर्टस मिट यहि पौष ३ गते देखि ७ गते सम्म पोखरा रंगशालामा सञ्चालन हुनेछ भने औपचारिक उद्घाटन पौष ४ गते हुनेछ। स्पोर्टस मिट अन्तर्गत प्लस टु (कक्षा ११-१२) विद्यालय, कलेज र विश्वविद्यालयतर्फका खेलाडीहरु विभिन्न चार खेलका छुट्टा-छुट्टै इभेन्टमा प्रतिष्पर्धा गर्नेछन्। हिसान कास्की स्पोर्टस मिटअन्तर्गत छात्र-छात्रा बास्केटबल, भलिबल, व्याडमिन्टन र टेबुल टेनिसका प्रतिष्पर्धा हुने भएको हिसान कास्कीका सचिब किरण सापकोटाले जानकारी दिए । प्रतियोगितामा कक्षा ११-१२ छात्र भलिबलमा ३८ र छात्रातर्फ २४ टिमहरुको सहभागिता रहेको छ।

त्यस्तै छात्र बास्केटबलमा सर्वाधिक ४६ तथा छात्रातर्फ २० टिम भिड्नेछन् । टेवुल टेनिसतर्फ छात्र-छात्रा सिंगल्स, डब्लसतर्फ गरी २ सय ५० जना तथा व्याडमिन्टन छात्र-छात्रातर्फ सिंगल्स र डब्सल्समा गरी कुल २ सय ५८ जनाको सहभागिता रहेको छ । विश्वविद्यालयतर्फ बास्केटबल, टेबुल टेनिस र ब्याडमिन्टनमा सहभागिता जनाएका छन् । प्रतियोगिता सम्पन्न गर्न करिव ३२ लाख खर्च हुने तथा प्रतियोगितामा विजेता विद्यालयहरुलाई रनिङ्ग शिल्ड, ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिने हिसान कास्कीका उपाध्यक्ष ढाकाराम कंडेलले जानकारी दिएका छन्। त्यस्तै हरेक खेलको टिम विजेताले ७, दोस्रो हुनेले ५, तेस्रोले ३ र चौथो हुनेले १ अंक प्राप्त गर्नेछन् । प्रतियोगितामा सर्वाधिक अंक प्राप्त गर्न सफल टिम च्याम्पियन बन्ने छ। उपाधि विजेता टिमले उपाधिसँगै आकर्षक रनिङ्ग शिल्ड प्राप्त गर्ने हिसान कास्कीका सचिब किरण सापकोटाले जानकारी दिए।

१८औं हिसान कास्की स्पोर्ट्स मिटको औपचारिक उद्धाटन शुक्रबार पोखरा रंगशालास्थित बास्केटबल कोर्टमा हुनेछ।

# 'टुर दी पोखरा' साइकल ऱ्यालीको आठौँ संस्करण यही पुस ५ गते हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

भ्रमणवर्ष २०२५ को सन्दर्भमा पोखरा महानगरपालिकाको मुख्य प्रवर्द्धन तथा साइकल सिटी पोखराको आयोजनामा हुन लागेको कार्यक्रमको तयारी अन्तिम पूरा भएको आज (विहिबार) पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

यस बर्षको टुर दी पोखरामा ४ वर्ष उमेर समुह देखि ८६ वर्ष उमेर समूहसम्मका, नेपालका ३२ जिल्लाबाट आएका ८ सय ६० जना साइकल यात्री (साईक्लिस्ट) ले अग्रिम नाम दर्ता गरिसकको संस्थाका अध्यक्ष श्याम कृष्ण श्रेष्ठले बताउनु भयो। उक्त अभियानमा सहभागि हुन भारत सहित तेश्रो मुलुकका केही पयटकहरु समेत सहभागि हुने भएको उहाँले जनाउनु भयो। उक्त अभियानमा करिब ५० जना महिला साईक्लिस्ट सहभागि हुने भएका छन् । स्थानीय स्तरमा दर्ताबिनै सहभागी हुने




साइकल यात्रीहरू समेत जोडिँदा एक हजारभन्दा बढी साइकल यात्रीको सहभागिता रहने आयोजकले अपेक्षा गरेको छ। टुर दी पोखराले साइकल मार्फत पोखरा र आसपासका पर्यटकीय गन्तव्यहरूको पहिचान गर्दै हरित पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास गरिएको सचिव रामचन्द्र भट्टले बताउनु भयो। कार्यक्रममा विश्व साइकल यात्री, सामाजिक अभियन्ता तथा बौद्धिक अपाङ्गता भएका फरक क्षमताका साइकल यात्रीहरूको समेत उल्लेख्य सहभागिता रहने भएको छ । साइकल यात्राको कुल दूरी ५१ किलोमिटर रहनेछ, जुन एकै दिनमा सम्पन्न हुनेछ। पोखरा देखि कास्कीको माछापुच्छ्रे गाउँपालिका स्थित गण्डकी रेन्वो ट्राउटसम्मको साइकल यात्रा हुने भएको हो। कार्यक्रममा बोल्दै मुस्ताङको घरपभ्फोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लाल्चनले मुस्ताङमा समेत साइकल पर्यटनको ठूलो सम्भावना रहेको बताउँदै पोखरासहित अन्य क्षेत्रसम्म यसको विस्तार गर्न सके समग्र पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो । त्यस्तै, साइकल सिटी पोखराका सल्लाहकार तथा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पोखरालाई ग्रीन सिटी र क्लिन सिटी बनाउने अवधारणामा टुर दी पोखराले महत्वपूर्ण सहयोग पुऱ्याउने धारणा व्यक्त गर्नुभयो।

# नीति, विचार र सिद्धान्तबिनाको पार्टी दिगो हुँदैन: उपसभापति वाग्ले

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का केन्द्रीय उपसभापति डा स्वर्णिम वाग्ले नीति, विचार र सिद्धान्तबिनाको पार्टीको कुनै औचित्य नहुने बताउनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी व्यास नगरपालिका-२ को बिहीबार दमौलीमा आयोजित प्रथम वडा अधिवेशनका अवसरमा उहाँले सो कुरा बताउनुभएको हो । पार्टीको पहिलो बिम भनेको नीति, विचार र सिद्धान्त रहेको उल्लेख गर्दै डा वाग्लेले विचार बलियो भयो भने प्रतिकूल अवस्थामा पनि पार्टी जीवित रहनसक्ने बताउनुभयो।

नीति, विचार र सिद्धान्तबिनाको पार्टी क्षणिक भीडतन्त्र हुनसक्ला तर दिगो रुपमा चल्न नसक्ने उहाँको भनाइ थियो। "रास्वपा मूलधारको राजनीतिक बन्न सफल बनेको छ", उहाँले भन्नुभयो, "पार्टी ठूलो हुँदै गर्दा पार्टीमा थप चुनौती थपिएको छ, यसतर्फ हामी सचेत छौँ।"

आउँदो फागुन २१ गते हुने निर्वाचनमा सबै राजनीतिक दलले भाग लिएर देशलाई निकासको बाटोमा लैजान लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। विसं २०७९ को निर्वाचनमा तीन हजार सदस्य रहेको रास्वपाको दुई लाख ५७ हजार पुगेको उहाँले दाबी गर्नुभयो। ३८ वटा देशमा सङ्गठन, ७७ वटै जिल्लामा सङ्गठन विस्तार र ५०० बढी पालिकामा पार्टीको उपस्थिति रहेको उहाँले उल्लेख गर्नुभयो । समाजलाई समृद्धिको बाटोमा रास्वपा लैजान्छ भन्ने विश्वास आमनागरिकमा जगाउन आवश्यक रहेकोसमेत उहाँले बताउनुभयो।


**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

सत्यमेव जयते

**REPAIR AND RENOVATION OF INDRA GANDHI BLOCK AND RENOVATION OF ENCLOSURE CONVERSION OF CAMP MAIN GATE OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1. Sealed tender documents/ quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara :-
   1.1 Repair and renovation of Indra Gandhi block of EoI, PPO Pokhara.
   1.2 Renovation of enclosure conversion of camp main gate of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 28 Dec. 2025 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India, Kathmandu, Nepal website under Tender Notices. Tele No 061-434240 / 061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting their bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**


## रास्वपा ...

लामिछानेलाई बिहीबार रिहा गर्न आदेश भएको हो।

उच्च अदालत तुलसीपुर बुटवल इजलासका न्यायाधीश वासुदेव आचार्य र तेजनारायण पौडेलको इजलासले अदालतबाट अन्तिम फैसला हुँदा ठहरे बमोजिम हुने नै हुँदा बिगोका हकमा थप दायित्व सृजना गरेमा र तिर्न बुझाउन मञ्जुर भए सो को कागज गरी प्रतिवादी रवी लामिछानेलाई सुप्रिम सहकारीको रकम ठगी मुद्दाको रोहबाट थुनामुक्त गर्नु भनी आदेश भएको अदालतका सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिनुभयो।

सहकारीको रकम अपचलन मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेले आफू कार्यरत रहेको संस्थामा सुप्रिम सहकारीबाट रकम प्रवाह भएको बिगोमध्ये दामासाहीले हुने बिगो बैंक ग्यारेन्टी राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार बैंक ग्यारेन्टी लिई मुद्दाको पूर्पक्ष गरी पाउँ भनी माग गर्नुभएको थियो। सोही मागअनुसार लामिछानेले बचतकर्ताको बिगो प्राप्त गर्ने सुनिश्चितता गरेको देखिएकाले बचतकर्ता तथा लगानीकर्ताको रकम सुनिश्चितता नै पहिलो प्राथमिकता हुने ठहर गरी बैंक जमानत स्वीकार गरी मुद्दाको कारबाही अगाडि बढाउन आदेश गरिएको सूचना अधिकारी कुँवरले जानकारी दिनुभयो।

यसरी सुरु रुपन्देही जिल्ला अदालतले विसं २०८१ माघ १३ मा सुरु थुनछेकको क्रममा माग गरेको धरौटी रकम दफा ६८ अनुसार स्वीकार गरी प्रतिवादीले निवेदन साथ पेस गरेको बैंक जमानत (ग्यारेन्टी) रु दुई करोड ७४ लाख ८४ हजार बिगोका हक सुरक्षित गर्ने भनी आदेशमा भनिएको छ।

# पोखरामा फागुन ३ गते 'धन बहादुर गुरुङ सांगीतिक साँझ' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

नेपाली गीत-संगीत क्षेत्रमा गायक, संगीतकार तथा संगीत संयोजकका रूपमा उल्लेखनीय योगदान पुऱ्याएका कलाकार धन बहादुर गुरुङको सम्मानमा आगामी फागुन ३ गते पोखरामा विशेष सांगीतिक साँझ आयोजना हुने भएको छ।

तमु (गुरुङ) कलाकार संघ नेपाल, गण्डकी प्रदेश समितिको आयोजनामा हुन लागेको उक्त कार्यक्कम पोखरा रंगशालास्थित भलिवल ट्रेनिङ सेन्टरमा आयोजना गरिने संघले विहिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी गराएको हो । कार्यक्रम मार्फत तमु कलाकार कल्याणकारी कोष स्थापना गर्ने उद्देश्य लिइएको संघ गण्डकीका अध्यक्ष बिक्रम गुरुङले बताउनु भयो। उक्त कार्यक्कमबाट




करिब १७ लाख ५० हजार रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको छ भने कार्यक्कमबाट ११ लाख ७५ हजार रुपैयाँ बचत गर्ने लक्ष्य रहेको राखिएको उहाँले जनाउनु भयो। प्रवेश शुल्क ३०० रुपैयाँ तोकिएको छ । आयोजकका अनुसार कार्यक्रममा करिब ८ हजार दर्शकको सहभागिता रहने अपेक्षा गरिएको छ। दर्शकहरूको आवतजावतलाई सहज बनाउन पोखराका मुख्य चोक क्षेत्रहरूबाट बस सेवाको व्यवस्था गरिने अग्रज कलाकार गोरे गुरुङले जानकारी दिनुभयो । कलाकार धन बहादुर गुरुङ युरोपसहित १० देशमा एक महिनासम्म सांगीतिक कार्यक्रमका लागि प्रस्थान गर्नुअघि विहीबार पोखरामा फूलमाला र खादा ओढाई सम्मान सहित बिदाइ गरिएको छ । आयोजक समितिले यो कार्यक्रमले केवल एक कलाकारको सम्मान मात्र नभई तमु (गुरुङ) समुदायको मौलिक कला, संस्कृति, भाषा तथा संगीतको प्रवर्द्धन गर्दै समग्र नेपाली सांगीतिक क्षेत्रको गरिमा अभिवृद्धि गर्ने विश्वास व्यक्त गरेको छ।

## एमाले ...

छ। महाधिवेशनले सर्वोच्च अदालतका पूर्वन्यायाधीशको नेतृत्वमा स्वतन्त्र छानबिन आयोग बनाउनुपर्नेमा जोड दिएको छ । एमाले ताजा जनादेशका लागि जनतामाझ जाने, जनअनुमोदित हुने र निर्वाचनको प्रतिस्पर्धामा सहभागी हुने मान्यतामा अविचलित रहेको र पार्टी कहिल्यै निर्वाचनबाट पछि नहट्ने उल्लेख गरेको छ । यसका लागि सरकारले निर्वाचनको वातावरण बनाउनुपर्नेमा एमालेले जोड दिएको छ । लोकतन्त्रका आधारस्तम्भका रुपमा रहेका दलहरुसँग सरकारले सार्थक संवाद, परामर्श र सहकार्य गर्न एमालेले माग गरेको छ । प्रहरीबाट लुटिएका हतियार र गोलीगठ्ठा फिर्ता ल्याउन, भागेका कैदीलाई फेरि जेलमा फर्काउन र समाजमा शान्तिसुरक्षाको वातावरण बनाउन ठोस कदम चाल्न एमालेले सरकारसँग माग गरेको छ । साथै सो पार्टीले प्रतिनिधिसभा पुनःस्थापनाको समेत माग गरेको छ । राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र र सामाजिक प्रबन्ध सङ्कटमा परेको तथा जनताका सङ्घर्षका उपलब्धि नै धरापमा परेको अवस्थालाई बोध गर्दै मुलुकलाई लोकतान्त्रिक मार्गमा फर्काउन संविधानका पक्षधर सबै शक्ति, संसद्मा रहेका दल, सबै लोकतान्त्रिक र देशभक्त नागरिक तथा आम जनसमुदायलाई आपसी संवाद, सहकार्यका साथ अगाडि बढ्न समेत एमालेको ११औँ महाधिवेशनले आह्वान गरेको छ। गत भदौ २४ गते पार्टी अध्यक्ष केपी शर्मा ओलीलगायत १७० भन्दा बढी नेता तथा कार्यकर्ताको निजी निवासमा आगजनी, तोडफोड र लुटपाट भएको उल्लेख गर्दै उक्त घटनाप्रति एमालले दुःख व्यक्त गरेको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# एमालेमा ओलीको ह्याट्रिक

नेकपा एमालेको अध्यक्ष पदमा केपी शर्मा ओलीले 'ह्याट्रिक' गरेका छन् । लगातार तेस्रो कार्यकाल पार्टी अध्यक्षमा निर्वाचित हुँदै ओलीले ' ह्याट्रिक' गरेका गरेर एमालेका कार्यकर्ताले ओलीको नेतृत्व चाहेका रहेछन भन्ने निर्वाचनमार्फत दिएका छन । उनी ०७१ साउन यता निरन्तर पार्टी अध्यक्षको जिम्मेवारीमा छन् । भृकुटीमण्डपमा बिहीबार सम्पन्न ११औं महाधिवेशनको अन्तिम मतपरिणाम सार्वजनिक हुँदा ओली १ हजार ६६३ मत मतसहित निर्वाचित भए । उनका एकमात्र प्रतिस्पर्धी ईश्वर पोखरेलले जम्मा ५ सय ६४ मत प्राप्त गरे । २०७१ साल असारमा भृकुटीमण्डपमै भएको नवौं महाधिवेशनमा ओलीले अध्यक्ष पदमा तत्कालीन महासचिव माधवकुमार नेपाललाई झिनो मतले पराजित गरेका थिए । त्यतिबेला ओली १ हजार ४७ मत प्राप्त गरी विजयी हुँदा नेपालले एक हजार ३ मत पाएका थिए ।

२०७८ साल भदौमा एमाले विभाजन भएपछि चितवनको सौराहामा भएको १०औं महाधिवेशनमा ओलीले सर्वसम्मत अध्यक्ष बन्न चाहे पनि पूर्वउपाध्यक्ष डा. भीम रावलले उम्मेदवारी दिएपछि मतदान प्रक्रियामा जानु परेको थियो । त्यस महाधिवेशनमा ओली एक हजार ८३७ मत ल्याएर विजयी हुँदा रावलले २२३ मत प्राप्त गरेका थिए । भदौ २३ र २४ गते भएको जेनजी विद्रोहबाट सत्ताच्यूत भएका तत्कालीन प्रधानमन्त्री ओली पार्टीभित्र नेतृत्व हस्तान्तरणको बहस पेचिलो हुँदै गएपछि नियमित महाधिवेशनलाई एक वर्ष अगाडि आयोजना गरेर नेतृत्वमा आफ्नो पकडलाई मजबुत बनाएका छन।ओली विनाको एमाले र एमाले विनाको नेपाल भन्नेहरुलाई महाधिवेशनबाट दिएका छन।उद्घाटन समारोहमा जनताको उपस्थिति र निर्वाचनमा दुई तिहाई भन्दा धेरै प्रतिनिधिको मतले स्पष्ट पारिदिएको छ ।

२००८ साल फागुन ११ गते तेह्रथुम जिल्लामा जन्मिएका ओली सामान्य पारिवारिक अवस्थाका थिए । उनका बाबु मोहनप्रसाद ओली ज्योतिषी हुन् । सानै उमेरमा आमा गुमाएका ओली हजुरआमा (राममाया ओली)को छत्रछायामा हुर्किएका थिए । जेनजी विद्रोहका क्रममा बालकोट निवास ध्वस्त भएपछि उनी अहिले श्रीमती राधिका शाक्यका साथ भक्तपुरको गुन्डुमा बस्दै आएका छन् । ओलीका बुवा मोहनप्रसाद ओली, भाइ जयप्रसाद ओली र भाइबुहारी इन्दिरा ओली झापामा बस्दै आएका छन् । नेपाली राजनीतिमा प्रखर वक्ताका रूपमा चिनिन्छिन् । उनी २०७२, २०७४ र २०८१ मा गरी जम्मा चार पटक प्रधानमन्त्री भए। समकालीन राजनीतिका चतुर खेलाडी मानिने ओली आफ्नो तिखो बोलीका कारण बेलाबखत विवादमा आउने गरेका छन् । २०२३ सालमा मार्क्सवादी अध्ययन दलमा संगठित भई प्रशिक्षण प्राप्त ओली २०२५ सालबाट तत्कालीन नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध विद्यार्थी फाँटको फ्र्याक्सन कमिटीमा आबद्ध हुँदै नेतृत्व गर्न सफल भए । २०२६ सालमा नेकपाको सदस्यता पाएपछि उनले पार्टीको उपसचिवको जिम्मेवारी बहन गरे । २०२७ वैशाखमा तत्कालीन नेकपा र पूर्वकोशी प्रान्तीय कमिटीसँग एकीकरण भएको थियो । २०२८ साल वैशाखमा तत्कालीन पूर्वकोशी प्रान्तीय कमिटीबाट नेपाल कम्युनिस्ट पार्टी अलग भएको थियो । २०२९ सालमा तत्कालीन नेकपा झापा आन्दोलन कमिटीको प्रमुखका रूपमा ओलीले जिम्मेवारी बहन गरे । ओली चर्चित झापा विद्रोहका प्रमुख नेतामध्ये एक थिए ।

१७ वर्षको उमेरमा वामपन्थी आन्दोलनमा सहभागी भएका ओली २२ वर्ष पूरा नहुँदै १४ वर्षे जेल जीवन बिताउन बाध्य भए । ४ वर्ष जेल भित्रको गोलघरमा कठोर यातना सहेका छन । तत्कालीन शासन सत्ताको विरोधमा उत्रिएका उनी पहिलो पटक २०२७ फागुन १६ गते आइतबार झापाबाट गिरफ्तार भए । पहिलो गिरफ्तारमा झापा पुलिस थानामा बसेका उनी २०२७ र २०३० का बिचमा पटक-पटक गरी १० पटकभन्दा बढी गिरफ्तार भएका थिए । २०३० असोज २३ गते रौतहटबाट पक्राउ परी जेल जीवन प्रारम्भ गरेका हुन । खुला राजनीतिमा आएपछि ओली २०४७ जेठ १ गते तत्कालीन प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपालको संस्थापक अध्यक्ष भए । उनी २०४९ देखि २०७१ असार मसान्तसम्म नेकपा एमाले स्थायी कमिटी सदस्य भए ।

विभिन्न समयमा प्रतिनिधि सभा, मन्त्रिपरिषद् र संविधान सभाबाट गठित विभिन्न आयोग र समितिका जिम्मेवारी बहन गरेको ओलीले विभिन्न समयका आन्दोलन तथा विचारधारा निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । ओलीले विभिन्न चरणमा पार्टीको तर्फबाट र सरकारको तर्फबाट दुई दर्जनभन्दा बढी देशको यात्रा गरिसकेका छन् । पार्टीलाई एकताबद्ध, गतिशील र बलियो बनाउ देशभक्त, प्रगतिशील र लोकतान्त्रिक शक्तिलाई गोलबन्द बनाउने जिम्मेवारी ओलीले पाएका छन।अब पार्टीका सबै कार्यकर्ताको भावना बुझ्ने र सबैलाई विचारको आधारमा गोल ब न्द गराउने समयले सुम्पेको दायित्व हो।देशभक्त , लोकतन्त्रवादी र वामपन्थीहरूलाई समेटेर राष्ट्रियताको रक्षाका लागि मियो बन्न सक्नु आजको आवश्यकता हो ।

# जाडो बढेसँगै हिमालीबाट तल झर्ने बढे

**रासस**
गोरखा, ३ पुस

जाडो बढ्दै गएपछि जिल्लाको हिमाली भेगका बासिन्दा सहर झर्न थालेका छन् । चुमनुब्री गाउँपालिका-१ र वडा नं ७ का बासिन्दा विगत वर्ष जस्तै यस वर्ष पनि जाडो छल्न धमाधम सहर झर्न थालेका हुन् ।

"अहिले ८० प्रतिशत गाउँले काठमाडौँ पुगिसके, बाँकी घर कुर्न बसेका छन्", चुमनुब्री-७ छेकम्पारको पासाङफुञ्जो लामा भन्नुहुन्छ, "अहिले हरेक घरमा एक जनामात्र होलान् ।" गाउँ कुर्न बसेकाले खेतीपाती र बस्तुभाउको रेखदेख गर्ने उहाँको भनाइ छ । गाउँमा रहेकाले छरछिमेक तथा आफन्तको घरको रेखदेख गरिदिने उहाँले बताउनुभयो । जाडो बढेपछि मङ्सिर दोस्रो सातादेखि लेकको चरन र खर्कमा राखिएका चौंरी गाउँमा झारिएको छ । याक भने हिमाली क्षेत्रको चरनमै रहेको सोही वडाका वडाध्यक्ष टासी लामाले बताउनुभयो । "याकको भुत्ला बाक्लो हुने भएकाले लेकमै छाडिन्छ । चौंरीलाई भुत्ला पातलो भएकाले गाउँमा ल्याएर आफ्नै घरमा राख्ने चलन छ,", उहाँले भन्नुभयो । चुमनुब्री-१ मा पनि बस्ती खाली हुन थालेका छन् । तिब्बत सीमाना नजिक पर्ने साम्दो गाउँ खाली हुन थालेको त्यहाँका स्थानीयवासीको भनाइ छ । यहाँका करिब ४५ घरधुरीमध्ये दश, १५ घरबाहेक सबै घरका बासिन्दा ताला लगाएर सहर झरेका स्थानीय वाङ्चुक राप्तेन लामाले जानकारी दिनुभयो । "धेरै घर खाली भइसकेका छन्", उहाँले भन्नुभयो, "एक दुईबाहेक होटल पनि बन्द भएका छन् ।" जाडो बढेपछि चुमनुब्री-२ को ल्हो माविका विद्यार्थीलाई आरुघाट गाउँपालिका-४ को कोखेटारमा सारिएको छ । आउँदो चैतसम्मका लागि विद्यालय नै तल स्थानान्तरण गरिएको त्यहाँका प्रधानाध्यापक बाबुराम धमला बताउनुहुन्छ । उनीहरु सहर झरेकाबेला तीर्थाटनका लागि धर्मशाला, लुम्बिनी तथा विभिन्न धर्मगुरुको समीपमा जाने गर्छन् । "धेरैजसो तीर्थ गर्न जान्छन् । कोहीकोही काठमाडौँमा पढ्ने छोराछोरीसँग घुमफिर गरेर समय बिताउँछन्", चुमनुब्री-७ निलेको लोप्साङ लामा भन्नुहुन्छ, "हाम्रातिर घरमा ढोका लगाएर सबै सहर झर्दैनन् । कम्तीमा प्रत्येक घरमा एक जना घर कुरुवा बस्छन् ।" अहिले सहर झरेका सहरमै ग्याल्बो ल्होसार मानेर गाउँ फर्कने उहाँको भनाइ छ ।

# चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणना सुरु

**रासस**
चितवन, ३ पुस

चितवन राष्ट्रिय निकुञ्जमा आजदेखि बाघ गणना सुरु गरिएको छ । बाघ गणनाका लागि यही पुस १ र २ गते तालिम दिएपछि एक सय ५० जना गणकहरू आजदेखि कार्यक्षेत्रमा खटिएका हुन् ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार आज त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरणडाभार क्षेत्रमा गणकहरू खटिएका छन् । उहाँले पहिलो भागअन्तर्गत यस क्षेत्रमा दुई सय ८६ वटा ग्रिड बनाएर गणना गरिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखिने छ ।" चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना गर्न लागिएको जनाउँदै मगरले उक्त ब्लकलाई तीन भागमा विभाजन गरिएको बताउनुभयो । उहाँका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखी बाघ गणना गरिने छ । चितवन-पर्सा ब्लकमा नौ सय ५८ वटा ग्रिड बनाएर बाघ गणना गर्न लागिएको उल्लेख गर्दै सूचना अधिकारी मगरले यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिने जानकारी दिनुभयो । "योसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि गणना गरिँदै छ । तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । हरेक चार/चार वर्षमा बाघ गणना गरिँदै आइएको छ", मगरले भन्नुभयो । निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंसेवी, विद्यार्थी र संरक्षणका साझेदारहरू गणनामा सहभागी भएका उहाँले जानकारी दिनुभयो । ग्रिडहरू बीचभागमा पर्ने स्थानमा गणना गर्ने प्राविधिक क्याम्प (शिविर) सथापना गरी गणकका लागि बस्ने व्यवस्था गरिएको निकुञ्ज कार्यालयले जनाएको छ । गणकहरूले भूगोल अनुसार आठदेखि १२ सम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने उहाँले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ शिव वस्तीमा खलङ्गतारा सडक स्तरोन्नति निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः खलङ्गतारा सडक स्तरोन्नति
ठेगानाः पोखरा-३३, शिव वस्ती
योजना सम्झौता मिति : २०८२/०७/१७ गते
योजना सुरु मितिः २०८२/०७/२२ गते
योजना सम्पन्न गर्नुपर्ने मितिः २०८२/०९/२० गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/०१ गते
योजनाको कुल लागतः रु. ११,१२,०४८.६६
महानगरपालिकाबाटः रु. १०,००,०००|-
जनसहभागिताबाट प्राप्त रकमः रु. १,१२,०४८.६६
उपभोक्ता समितिले गरेको कुल खर्चः १०,९८,०००|-
उपभोक्ता समिति सदस्य संख्याः ७ महिलाः २ पुरुषः ५
उपभोक्ता समिति अध्यक्षको नामः बलराम आचार्य
सम्पर्क नं. ९८४६०८०६९७

**खलङ्गतारा सडक स्तरोन्नति उपभोक्ता समिति**
**पोखरा-३३, शिव वस्ती**



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजना: पाँच वर्षमा ७० प्रतिशतकाम सम्पन्न

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ पुस

म्याग्दी र राहुघाट वेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन सञ्चालन भएको डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको ठेक्का सम्झौताको म्याद सकिन पाँच महिना बाँकी रहँदा ७० प्रतिशत भौतिक प्रगति भएको छ ।

सत्तरी प्रतिशत काम गर्न पाँचवर्ष लगाएको नेपाल विद्युत् प्राधिकरणद्वारा सञ्चालित आयोजनाको ठेकेदारलाई बाँकी ३० प्रतिशत काम पाँच महिनामा पूरा गर्न चुनौती छ । मालिका गाउँपालिका-७ डाँडाखेतदेखि रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने २५ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सवस्टेशन निर्माणका लागि सन् २०२१ को डिसेम्वर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एण्ड टुयुब्रो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । पहिलो पटकको म्याद गत जुलाई १६ र दोस्रो पटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ मे १६ सम्मका लागि तेस्रो पटक म्याद थपिएको आयोजनाले जनाएको छ । प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रुख कटान आदेश प्राप्त नहुनु, राहुघाट सवस्टेशन निर्माणस्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माणस्थलमा समुदायको विवादका कारणले निर्माण अवधि लम्बिएको आयोजनाप्रमुख रोशन अग्रवालले बताउनुभयो । एक सय ३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ७३ वटा टावरको जग राखिएकोमा ६० वटा टावर खडा भएका छन् । रुख काट्नुपर्ने पाँच वटा बाहेक सबै टावरमा ठेकेदारले काम थालेको छ । तीन किलोमिटरमा तार तान्ने काम पनि सकिएको छ । प्रसारण लाइन र सवस्टेशनको उपकरण आयात भइसकेको छ । डाँडाखेतको सवस्टेशनमा ९० प्रतिशत, प्रसारण लाइनमा ६५ प्रतिशत र राहुघाट सव स्टेशनमा ६० प्रतिशत प्रगति भएको छ । एलएनटिका आयोजना व्यवस्थापक सुभाषचन्द्र शर्माले मजदुर र उपकरण थप गरेर मे १६ को म्यादभित्र सम्पन्न गराउने प्रतिबद्धता जनाउनुभयो । एकाउन्न रोपनी क्षेत्रफलमा निर्माण भएको डाँडाखेत सवस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइरहेको छ । २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सवस्टेशनमा उपकरण राख्ने र कार्यालयको भवन बनाउन जग्गाको फाउण्डेशन सकेर संरचना निर्माण थालिएको छ । अम्बाङमा सवस्टेशन बनाउन छ वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । कूल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एशियाली विकास बैंकको ऋण लगानी छ ।

प्रसारण लाइनको 'राइट अफ वे' र टावर रहने २५ दशमलव ६२ हेक्टर सामुदायिक र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्न लागि विसं २०८० फागुन ६ गतेको मन्त्रिपरिषद्ले बैठकले स्विकृति प्रदान गरेको थियो । आयोजना निर्माणस्थलमा तीन हजार ९३६ वटा रुख छन् । पाँच सय चार रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनको लागि पहिलो किस्तावापतको रकमसमेत उपलब्ध गराए पनि डिभिजन वन कार्यालयले कटान आदेश दिन ढिलाइ गरेको आयोजना प्रमुख अग्रवालले बताउनुभयो । रघुगङ्गा गाउँपालिका-३, बेनी नगरपालिका-९, १०, मङ्गला गाउँपालिका-१, मालिकाको वडा नं ६ र ७ मा प्रसारण लाइनको टावर निर्माणस्थल हुन् । टावर रहने निजी जग्गाधनीलाई रु एक करोड ५० लाख मुआब्जा वितरण र वन क्षेत्र प्रयोग गरेबापत रु चार करोड ५० लाखमा जग्गा खरिद गरेर सरकारलाई उपलब्ध गराएको आयोजनाका प्रशासकीय अधिकृत मातृका तिमिल्सिनाले बताउनुभयो । म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५.५ मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाटको अपर राहुघाट र २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन् ।

चालिस मेगावाट क्षमताको राहुघाट र २३ दशमलब पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माणको अन्तिमचरणमा छन् । तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनमा विद्युत् आपूर्ति गराउन थालेका हुन् ।

# दोभान कप : पहिलो चरणका खेल सकिए

**पोखरापत्र संवाददाता**
पोखरा, ३ पुस

रुपाकोटमा जारी प्रथम दोभान कप सेभेन ए साइड फुटबल प्रतियोगितामा पहिलो चरणका खेलहरु सम्पन्न भएका छन् । बिहिबार सात खेल सकिएसँगै पहिलो चरण सम्पन्न भएको हो ।

रुपा गाउँपालिका ६ भिरचोकस्थित खेल मैदानमा जारी प्रतियोगिताको प्रिक्वाटरफाइनल खेल अन्तरगत पहिलो खेलमा सिन्के फुटबल क्लबले दोभान क्लबलाई ३-० गोल अन्तरले हराउँदै अन्तिम आठमा प्रवेश गरेको छ । दोस्रो खेलमा ब्रदर एफसीले नानु एफसीलाई १-० ले हरायो । तेस्रो खेलमा न्युस्टार 'बि' ले योङ्ग ब्वाइलाई ७-१ को फराकिलो गोलअन्तरले हराउँदै क्वाटरफाइनलमा प्रवेश गरेको छ । चौथो खेलमा योङ्ग स्टार 'ए' ले विजी गाइजलाई ७-० को फराकिलो अन्तरले हरायो । पाँचौ खेलमा रामघाटले रामबजारलाई १-० गोलले हरायो । छैटौं खेलमा खेम माइला मेमोरियलले धारापानीलाई १-० ले हराउँदै अन्तिम आठमा स्थान सुरक्षित गरेको छ । तेस्रो दिनको अन्तिम खेलमा रामघाटले मुलमिललाई टाइब्रेकरमा ४-३ गोलअन्तरले हराउँदै अन्तिम आठमा प्रवेश गरेको हो । प्रतियोगिता अन्तरगत प्रिक्वाटर फाइनलको एक खेल हुने छ भने बाकी खेल क्वाटरफाइनलका हुनेछन् । २४ टिमको सहभागिता रहेको प्रतियोगिताको विजेताले नगद एक लाख रुपैयाँको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । उपविजेताले ५० हजार रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन भने उत्कृष्ट खेलाडी, उत्कृष्ट डिफेन्डर र उत्कृष्ट गोलरक्षकले आकर्षक




पुरस्कार प्राप्त गर्नेछन् । प्रतियोगिता पुस ५ गतेसम्म सञ्चालन हुनेछ ।


## शिक्षक आवश्यकता

अन्नपूर्ण गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा कास्कीको च.नं. ५८० मिति २०८२/०९/०३ को प्राप्त पत्र अनुसार यस विद्यालयमा थप भएका प्रा.वि. तह तृतीय श्रेणी करार शिक्षक कोटामा शिक्षक पदपुर्ति गर्न अनुमती प्राप्त भएको हुँदा उक्त कोटाको लागि तनशील बमोजिम कागजात सहित १५ दिने दरखास्त आव्हान गरिन्छ ।

**तपसिलः**
विज्ञापन न ०१/०८२/०८३ तहः प्रावि तृतीय श्रेणी करार
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलबः प्रचलित सरकारी नियमअनुसार ।
योग्यताः शिक्षा संकायमा +२ उत्तीर्ण वा सो भन्दा माथि
दरखास्त दस्तुर : रु. १,००० (एक हजार रुपैया) मात्र ।
दरखास्त दिने अन्तिम मितिः २०८२/०९/१८ गते कार्यालय समयभित्र ।
परीक्षा मितिः फोनबाट सम्पर्क गरिनेछ ।
परीक्षाको किसिमः लिखित र अन्तरवार्ता ।
आवश्यक कागजातः क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी -२ थान
ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ग) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२
घ) हस्तलिखित निवेदन-१ थान
सम्पर्कको लागिः मो. ९८४६४६८२१७ प्र.अ ९८४१०२६००८ लेखा
नोटः क) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोग नियमानुसार
ख) आयोगको करार सूचीबाट दरखास्त परेमा अन्य उम्मेद्वारको दरखास्त सो त रद्द हुनेछ ।
ग) करार सूचीमा रहेको शिक्षकहरुले दरखास्त मितिदेखि ७ (सात) दिन भित्र आवेदन दिनु पर्नेछ ।
नोटः माथिल्लो योग्यता र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकालाई विशेष ग्राहयता दिइने छ ।
जानकारीको लागिः दरखास्त दिनको लागि यस विद्यालयको NIC ASIA बैंकमा रहेको खाता नं A६४१०५२४६२२५२४०१ खातामा भएको नाम SHREE UMA SECONDARY SCHOOL मा परीक्षा दस्तुर जम्मा गरी त्यसको भौचर निवेदन अन्य आवश्यक कागजातहरु विद्यालयको Email: umasecondaryschool26@gmail.com मा पठाउन सकिने छ वा स्वयम् विद्यालयमा आएर कार्यलय समयमा बुझाउन सकिने छ ।

**श्री उमा माध्यमिक विद्यालय**
**अन्नूर्ण गाउँपालिका-८, दाङसिङ, मोहोरिया, कास्की**
**सम्पर्क नं.: ९८४६४६८२१७,९८४१०२६००८**

